# माङसेबुङ गाउँपालिकाको प्राविधिक कर्मचारी (इन्जिनियरिङ सेवा/समूह) को फिल्ड सुविधा कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०७/१६

**प्रस्तावना:**

माङसेबुङ गाउँपालिकाभित्र सञ्चालन हुने सम्पूर्ण विकास आयोजनाहरुलाई प्रभावकारी, मितव्ययी, अनुमानयोग्य, पारदर्शी र भ्रष्टाचारमुक्त बनाउन र आयोजनाको फिल्ड प्रतिवेदन, लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन, नापी किताब र योजना अनुगमन गर्ने गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीको मनोबल उच्च राख्नका लागि आयोजना व्यवस्थापन (कन्टिन्जेन्सी) खर्च गर्ने सम्बन्धी कार्यविधिको अनुसूची १ को क्र. सं. ५ मा प्राविधिक फिल्ड सुविधा शीर्षकमा विनियोजित रकमको पारदर्शी ढंगबाट खर्च गर्न गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम 'माङसेबुङ गाउँपालिकाको प्राविधिक कर्मचारी (इन्जिनियरिङ सेवा/समूह) को फिल्ड सुविधा कार्यविधि, २०७९' रहेको छ।

(२) यो कार्यविधि माङसेबुङ गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

२. **सुविधा** : अनुसूची १ मा उल्लेख भए अनुसारका प्राविधिकलाई अनुसूची २ बमोजिमको मासिक आर्थिक सुविधा उपलब्ध गराइनेछ।

३. **सुविधाका शर्तहरु** : प्राविधिक कर्मचारीले अनुसूची २ मा उल्लेख भए बमोजिमको सुविधा प्राप्त गर्न अनुसूची ३ बमोजिमको फिल्ड आदेश स्वीकृत गराई प्रत्येक महिना तोकिएको वडामा गई योजनाहरुको लागत अनुमान वा कार्यसम्पन्न प्रतिवेदन वा अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेछ।

फिल्ड नगएको दिनको हाजिरी गाउँ कार्यपालिकाको कार्यालय वा वडा कार्यालयमा गर्नु पर्नेछ। अनुपस्थित रहेको दिन र कार्यालयको कामको सिलसिलामा अन्यत्र काजमा गएको अवस्थामा मासिक सुविधाबाट उक्त दिनको रकम कट्टा गरिनेछ। कार्यपालिकाले आवश्यकता अनुसार थप जिम्मेवारी दिन सक्नेछ।

४. **खारेजी** : यो कार्यविधि प्रारम्भ भए पश्चात प्राविधिक कर्मचारीले प्राप्त गर्दै आएको अन्य सबै सुविधा (मासिक तलब बाहेक) खारेज भएको मानिनेछ। तर कार्यालयले प्राविधिक काम बाहेक अन्य कामको जिम्मेवारी समेत दिएमा सो थप काम गरे बापतको थप आर्थिक सुविधा दिन बाधा पर्ने छैन।

५. **संशोधन** : यस कार्यविधि संशोधन वा खारेजी गर्ने अधिकार गाउँ कार्यपालिकासँग निहित रहनेछ।

विनोद कुमार चौहान
प्रमुख प्रशासकिय अधिकृत

## अनुसूची-१

### कार्यविधिको बुँदा नं. (२) सँग सम्बन्धित

### सुविधा पाउने कर्मचारी

| क. सं. | विवरण |
|---|---|
| १ | गाउँ कार्यपालिकाको कार्यालय वा वडा कार्यालयमा हाजिर भई वडास्तर तथा गाउँपालिका स्तरको आयोजनाको लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन तयार गर्ने वा रुजू गर्ने प्राविधिक कर्मचारी (इन्जिनियरिङ सेवा/समूह) |

## अनुसूची-२

### कार्यविधिको बुँदा नं. (२) सँग सम्बन्धित

### प्राविधिक फिल्ड सुविधा

| क. सं. | प्रोत्साहन रकम |
|---|---|
| १ | (क) छैटौं तह वा सोभन्दा माथि भए रु. १०,०००।-<br>(ख) पाँचौं तह भए रु. ७,५००।-<br>(ग) चौथो तह भए रु. ५,०००।- |

दिनोद कुमार चौहान
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-३

कार्यविधिको बुँदा नं. (३) सँग सम्बन्धित

## फिल्ड आदेश

## माङसेबुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

इभाङ इलाम

भ्रमण गर्ने कर्मचारीको नाम :

पद :

कार्यालय :

भ्रमणको उद्देश्य :

भ्रमण महिना :

भ्रमण संख्या :

भ्रमण साधन :

भ्रमण गरिने स्थान :

भ्रमण गर्ने कर्मचारीको दस्तखत :

सिफारिस गर्ने प्राविधिक शाखा प्रमुखको नाम र हस्ताक्षर

भ्रमण स्वीकृत गर्ने
प्रमुख प्रशासकीय अधिकृत

विनोद कुमार चौहान
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-४

कार्यविधिको बुँदा नं. (३) सँग सम्बन्धित

## माङसेबुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

इभाङ इलाम

## प्राविधिक अनुगमन प्रतिवेदन

अनुगमनकर्ताको नाम :

अनुगमन मिति :

आयोजनको नाम :

आयोजना उपभोक्ता समितिको अध्यक्षको नाम वा ठेकेदारको नाम :

| क्र. सं. | विवरण | भए/नभएको | |
|---|---|---|---|
| | | भएको | नभएको |
| १ | लागत अनुमान अनुरुप काम भए नभएको | | |
| २ | जनसहभागिता भए नभएको | | |
| ३ | उपभोक्ता समिति आयोजना स्थलमा भए नभएको | | |

- आयोजना कार्यान्वयनका देखिएका समस्या :
  - ✓
  - ✓

- समस्या समाधान गर्न उपभोक्ता समितिलाई दिएको सुझाव :
  - ✓
  - ✓

- उपभोक्ता समितिको गुनासो :
  - ✓
  - ✓

प्राविधिक कर्मचारीको

नाम :

हस्ताक्षर :



माङसेबुङ गाउँ कार्यपालिकाको कार्यालय इभाङ, इलाम

विनोद कुमार चौहान
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-५

कार्यविधिको बुँदा नं. (३) सँग सम्बन्धित

## माङसेबुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

इभाङ इलाम

## विस्तृत फिल्ड प्रतिवेदन

| क्र. सं. | आयोजनको नाम | कार्यान्वयन स्थल | विनियोजित बजेट | गरिएको कार्य | | |
|---|---|---|---|---|---|---|
| | | | | लागत अनुमान तयारी | कार्यसम्पन प्रतिवेदन | योजना अनुगमन तथा राय सल्लाह |
| १ | | वडा नं.: | | | | |
| २ | | वडा नं.: | | | | |
| ३ | | वडा नं.: | | | | |
| ४ | | वडा नं.: | | | | |
| ५ | | वडा नं.: | | | | |
| ६ | | वडा नं.: | | | | |
| ७ | | वडा नं.: | | | | |

पेश गर्ने प्राविधिक :

नाम :

हस्ताक्षर:

सिफारिस गर्ने वडाध्यक्षहरु

नाम : वडा नं. :

हस्ताक्षर :

नाम : वडा नं. :

हस्ताक्षर :

नाम : वडा नं. :

हस्ताक्षर :

माङसेबुङ गाउँ कार्यपालिकाको कार्यालय इभाङ, इलाम

विनोद कुमार चौहान
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-६

भुक्तानी माग फाराम

मिति : ......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
श्री माङसेबुङ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
इभाङ, इलाम ।

विषय : भुक्तानी दिनु हुन ।

प्रस्तुत विषयमा तपशीलका कागजातको आधारमा .......... महिनाको फिल्ड सुविधा बापतको रकम उपलब्ध गराइदिन हुन निवेदन गर्दछु ।

तपशील :

१. स्वीकृत भ्रमण आदेश

२. वडा अध्यक्षबाट सिफारिस भई आएको विस्तृत फिल्ड प्रतिवेदन

३. अनुगमन प्रतिवेदन

४. ........... महिनाको हाजिरीको प्रतिलिपि

५. अनुगमन गरिएको सम्पूर्ण आयोजनाहरुको फोटो

विनोद कुमार चौहान
प्रमुख प्रशासकिय अधिकृत